नेपाल सरकार

## उद्योग मन्त्रालयको

## सूचना १

### विशेष आर्थिक क्षेत्र विकास समिति (गठन) आदेश, २०६९

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

परिच्छेद - १

**प्रारम्भिक**

१. **सङ्‌क्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "विशेष आर्थिक क्षेत्र विकास समिति (गठन) आदेश, २०६९" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त भएको वा तोकिएको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ग) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यो आदेशअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले उद्योग मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "विशेष आर्थिक क्षेत्र" भन्नाले मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्र सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्षलाईसमेत जनाउँछ ।

(छ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित विशेष आर्थिक क्षेत्र विकास समिति सम्झनु पर्छ ।



६२१ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद - २

## समितिको गठन तथा काम कर्तव्य र अधिकार

३. **समितिको गठन** : (१) विशेष आर्थिक क्षेत्रको सञ्चालन र व्यवस्थापन गर्न विशेष आर्थिक क्षेत्र विकास समिति नामको एउटा समिति रहनेछ ।

(२) समितिको गठन देहायबमोजिम हुनेछ :-

(क) सचिव, उद्योग मन्त्रालय - अध्यक्ष

(ख) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सहसचिव, ऊर्जा मन्त्रालय - सदस्य

(घ) सहसचिव, गृह मन्त्रालय - सदस्य

(ङ) सहसचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

(च) सहसचिव, श्रम तथा रोजगार मन्त्रालय - सदस्य

(छ) सहसचिव, लगानी बोर्ड - सदस्य

(ज) नेपाल उद्योग वाणिज्य महासंघको अध्यक्ष वा निजले तोकेको महासंघको सदस्य - सदस्य

(झ) उद्योग, वाणिज्य, व्यापार, राजस्व प्रशासन, कानुन, इञ्जिनियरीङ्ग वा व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधि हासिल गरी सोही क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त व्यक्तिहरूमध्येबाट मन्त्रालयले तोकेको कम्तीमा एकजना महिला सहित दुई जना - सदस्य

(ञ) कार्यकारी निर्देशक - सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (झ) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो पद अनुरूप काम नगरेमा मन्त्रालयले उपदफा (२) को खण्ड (झ) बमोजिमको सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिपछि मात्र लागु हुनेछ। ८२७

४. **समितिको काम, कर्तव्य र अधिकार** : यो आदेशमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) विशेष आर्थिक क्षेत्रसम्बन्धी नीतिका सम्बन्धमा नेपाल सरकारलाई राय सल्लाह दिने,

(ख) विशेष आर्थिक क्षेत्र सञ्चालन तथा व्यवस्थापनसम्बन्धी विस्तृत मापदण्ड तथा कार्यविधि बनाई मन्त्रालयसमक्ष सिफारिस गर्ने,

(ग) प्रचलित कानुन तथा नेपाल सरकारबाट स्वीकृत मापदण्ड तथा कार्यविधिको अधीनमा रही विशेष आर्थिक क्षेत्रको सञ्चालन तथा व्यवस्थापन गर्ने,

(घ) विशेष आर्थिक क्षेत्रलाई विशेष कर सहुलियत प्रदान गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्ने,

(ङ) विशेष आर्थिक क्षेत्रमा प्रतिस्पर्धा गराई सम्झौता गरी उद्योगीलाई उद्योग स्थापना तथा सञ्चालन गर्न जग्गा तथा भवन भाडामा दिने,

(च) विशेष आर्थिक क्षेत्रभित्र स्थापित उद्योगहरूको आवधिक निरीक्षण गरी कुनै उद्योगले यो आदेश वा प्रचलित कानुन विपरीत कुनै कार्य गरेको वा गर्नुपर्ने कार्य नगरेको पाइएमा आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(छ) विशेष आर्थिक क्षेत्रभित्र रहेका उद्योगलाई बण्डेड वेयर हाउस सुविधा प्रदान गर्न सिफारिस गर्ने,

(ज) विशेष आर्थिक क्षेत्रमा स्थापना भएका उद्योगहरूलाई नेपाल सरकारको तर्फबाट उपलब्ध हुने सेवा सुविधा सरल र सहज रूपमा उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने,

(झ) विशेष आर्थिक क्षेत्रभित्र सञ्चालन भएका उद्योगले नेपाल बाहिर निर्यात गरेको तथा विशेष आर्थिक



६५४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क्षेत्रमा सञ्चालन भएको उद्योगलाई बिक्री गरिने कच्चा पदार्थ तथा उत्पादित सामानलाई शून्य दरमा मूल्य अभिवृद्धि करको सिफारिस गर्ने,

(ञ) विशेष आर्थिक क्षेत्रभित्र स्थापना हुने उद्योगले वस्तु तथा सेवा उत्पादन गर्दा लाग्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, मेसिन उपकरणलगायतको खरिद तथा पैठारीमा तिरेको मूल्य अभिवृद्धि कर फिर्ता गर्न सिफारिस गर्ने,

(ट) विशेष आर्थिक क्षेत्रभित्र स्थापना हुने उद्योगले नेपाल बाहिर निकासी गर्ने वस्तु वा सेवा तथा विशेष आर्थिक क्षेत्रभित्रका उद्योगलाई स्थानीय रूपमा बिक्री गरिएको वस्तु वा सेवामा अन्तःशुल्क नलाग्ने व्यवस्था गर्न सिफारिस गर्ने,

(ठ) विशेष आर्थिक क्षेत्रभित्र स्थापना हुने उद्योगलाई मालबस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चापदार्थ, सहायक कच्चापदार्थ, प्याकेजिङ्ग सामग्री एवं उत्पादनमा प्रयोग हुने अन्य पदार्थको लागि बैङ्क जमानतको आधारमा तथा उद्योगको लागि आवश्यक पर्ने प्लान्ट, मेसिनरी, यन्त्र, उपकरण, औजार तथा पाट पुर्जा र उद्योगको आकार र प्रकृतिको आधारमा तीनवटासम्म सवारी साधनमा भन्सार छुट दिन सिफारिस गर्ने,

(ड) विशेष आर्थिक क्षेत्रभित्रका लगानीकर्तालाई आवश्यक पर्ने मेसिनरी, उपकरण, जगेडा पार्टपुर्जा, यातायातका साधन, कच्चापदार्थ, प्याकेजिङ्ग सामग्रीजस्ता सामान आयात गर्न सहुलियत तथा अनुमतिको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ढ) असल औद्योगिक वातावरणको लागि उद्योग व्यवस्थापन र श्रमिकबीचको असल सम्बन्ध कायम राख्न उद्योग व्यवस्थापन तथा श्रमिकबीच आवश्यक समन्वय गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

(ण) सम्झौता उल्लङ्घन गर्ने उद्योगीसँग सम्झौता रद्द गरी त्यस्तो उद्योगलाई विशेष आर्थिक क्षेत्रबाट हटाउने,

(त) विशेष आर्थिक क्षेत्रमा बैंक, हुलाक, स्वास्थ्य चौकी, विद्यालय, मनोरञ्जन लगायतका सेवा सुविधाको आवश्यक व्यवस्था मिलाउने,

(थ) सडकको पहुँच, दूरसञ्चार सेवा, विद्युत् र पानीको सुविधा, कामदार तथा कच्चापदार्थको उपलब्धता तथा विशेष आर्थिक क्षेत्रको सम्भाव्यता भएको क्षेत्रलाई विशेष आर्थिक क्षेत्र तोक्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(द) विशेष आर्थिक क्षेत्रमा स्थापना गर्न सकिने उद्योगको सूची तयार गर्ने,

(ध) विशेष आर्थिक क्षेत्रमा गर्नुपर्ने विशेष सहुलियतपूर्ण व्यवहारको पहिचान गरी कार्यान्वयनका लागि मन्त्रालयसमक्ष सिफारिस गर्ने,

(न) स्थानीय प्रशासन तथा प्रहरीसँग समन्वय गरी विशेष आर्थिक क्षेत्रमा सुरक्षाको प्रबन्ध मिलाउने,

(प) विशेष आर्थिक क्षेत्रभित्र स्थापना तथा सञ्चालन भएका उद्योगहरूबाट निकासी गरिएका वस्तुसम्बन्धी आवधिक रूपमा प्रतिवेदन लिने,

(फ) विशेष आर्थिक क्षेत्र तथा सो क्षेत्रमा उद्योगको विकास तथा प्रवर्द्धनको लागि प्रचलित कानुनको अधीनमा रही आवश्यक पर्ने अन्य काम गर्ने ।

५. **समितिको बैठकसम्बन्धी कार्यविधि** : (१) समितिको बैठक आवश्यकताअनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) समितिको बैठक बस्ने सूचना समितिको सदस्य-सचिवले बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सबै सदस्यहरूलाई दिनुपर्नेछ ।

(४) समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले कुनै पदाधिकारी वा विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(९) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

परिच्छेद - ३

## कार्यकारी निर्देशक तथा कर्मचारीसम्बन्धी व्यवस्था

६. **कार्यकारी निर्देशक** : (१) समितिको प्रशासकीय प्रमुखको रूपमा कार्य गर्न एक जना कार्यकारी निर्देशक रहनेछ ।

(२) नेपाल सरकारले उपदफा (३) बमोजिमको सिफारिस समितिको सिफारिसमा कार्यकारी निर्देशकको नियुक्ति गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) कार्यकारी निर्देशकको नियुक्तिको सिफारिस गर्न देहायबमोजिमको एक सिफारिस समिति रहनेछ :-

(क) राष्ट्रिय योजना आयोगको सदस्य (सम्बन्धित क्षेत्र हेर्ने) - संयोजक

(ख) सचिव, उद्योग मन्त्रालय - सदस्य

(ग) उद्योग, वाणिज्य, व्यापार, राजस्व प्रशासन, कानुन, इन्जिनियरिङ्ग वा व्यवस्थापनको क्षेत्रमा काम गरेका विशेषज्ञहरूमध्येबाट समितिले तोकेको एकजना -सदस्य

(४) उपदफा (३) बमोजिमको सिफारिस समितिले मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, अर्थशास्त्र, इन्जिनियरिङ्ग वा कानुनमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी उद्योग, वाणिज्य, व्यापार, राजस्व प्रशासन, इन्जिनियरिङ्ग वा व्यवस्थापनको क्षेत्रमा कम्तीमा दशवर्षको अनुभवप्राप्त व्यक्तिहरूमध्येबाट खुल्ला प्रतिस्पर्धाको आधारमा छनौट गरी कार्यकारी निर्देशकको पदमा नियुक्त गर्न तीनजनाको नाम नेपाल सरकारसमक्ष सिफारिस गर्नेछ ।

(५) कार्यकारी निर्देशकको पदावधि चार बर्षको हुनेछ र निजको काम सन्तोषजनक देखिएमा उपदफा (३) बमोजिमको सिफारस समितिको सिफारिसमा नेपाल सरकारले थप एक पटकको लागि निजलाई कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्न सक्नेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा समितिको हित विपरीत कुनै काम कारबाही गरेमा नेपाल सरकारले सो विषयमा आवश्यक छानबीन गर्दा निजले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको वा समितिको हित विपरीत कुनै काम कारबाही गरेको देखिएमा निजलाई जुनसुकै बखत कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी कार्यकारी निर्देशकको पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाका शर्त र सुविधासम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिम कार्यकारी निर्देशकको नियुक्ति नभएसम्म बढीमा छ महिनाको लागि मन्त्रालयले नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतलाई कार्यकारी निर्देशकको रूपमा कार्य गर्ने गरी तोक्नेछ ।

७. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार** : कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) समितिबाट स्वीकृत योजना कार्यान्वयन गर्ने,

(ख) समितिको निर्णय कार्यन्वियन गर्ने,

(ग) विशेष आर्थिक क्षेत्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी काम कारबाहीको निरीक्षण तथा अनुगमन गरी समितिसमक्ष प्रतिवेदन पेश गर्ने,

(घ) समितिको दैनिक प्रशासन सञ्चालन गर्ने,

(ङ) समितिले तोकिदिएका अन्य कार्य गर्ने वा गराउने ।

८. **कर्मचारीसम्बन्धी व्यवस्था** : (१) समितिको कार्य सञ्चालनको लागि आवश्यक सङ्ख्यामा कर्मचारीहरू रहनेछन् ।

(२) यो आदेश प्रारम्भ हुँदाकाबखत विशेष आर्थिक क्षेत्र आयोजनामा कार्यरत कर्मचारीलाई समितिले आवश्यकताअनुसार तोकिएबमोजिम समितिको कर्मचारीको रूपमा परिणत गर्न सक्नेछ ।

(३) उपदफा (१) तथा (२) बमोजिम कर्मचारीको व्यवस्था नभएसम्मको लागि समितिलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकार ले उपलव्ध गराउनेछ ।

(४) समितिका कर्मचारीहरूको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू तोकिएबमोजिम हुनेछ ।

(५) उपदफा (४) बमोजिम कर्मचारी नियुक्ति गर्दा सोअघि कर्मचारीको दरबन्दी सम्बन्धमा अर्थ मन्त्रालयको सहमति लिनुपर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ६८५

परिच्छेद - ४

## समितिको कोष तथा लेखापरीक्षण

९. **समितिको कोष** : (१) समितिको कार्य सञ्चालनको लागि एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू र हनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार, स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) समितिको चल-अचल सम्पत्ति भाडामा दिएर प्राप्त हुने रकम,

(घ) समितिले उपलव्ध गराउने सेवा बापत प्राप्त हुने रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नुपूर्व समितिले अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) समितिले उपदफा (१) बमोजिमको कोषमा रहने रकम नेपाल भित्रको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(५) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(६) समितिको लेखा कार्यकारी निर्देशक र समितिको लेखासम्बन्धी काम गर्ने कर्मचारीको संयुक्त हस्ताक्षरबाट सञ्चालन गरिनेछ ।

१०. **लेखा तथा लेखापरीक्षण** : (१) समितिको आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राखिनेछ ।

(२) समितिको आन्तरिक लेखापरीक्षण मान्यताप्राप्त लेखापरीक्षकहरूमध्येबाट समितिले तोकेको लेखापरीक्षकले गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) समितिको अन्तिम लेखापरीक्षण महालेखापरीक्षक वा निजले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(४) मन्त्रालयले चाहेमा समितिको आय-व्ययको लेखा, नगदी, जिन्सी वा अन्य कागजात जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

## परिच्छेद - ५

## विविध

११. **उपसमिति गठन गर्न सक्ने** : (१) यो आदेशबमोजिम आफूले गर्नुपर्ने काम सुचारु रूपले गर्न वा गराउनको लागि समितिले आवश्यकताअनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य र अधिकार समितिले त्यस्तो उपसमिति गठन गर्दाका बखत तोकिदिएबमोजिम हुनेछ ।

१२. **बैठक भत्ता** : समितिको सदस्यले समितिको बैठकमा भाग लिएबापत नेपाल सरकारले तोकेबमोजिमको बैठक भत्ता पाउने छन् ।

१३. **निर्देशन दिन सक्ने** : मन्त्रालयले समितिद्वारा गरिने काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१४. **अधिकार प्रत्यायोजन** : (१) समितिले यो आदेशबमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये केही अधिकार आवश्यकताअनुसार अध्यक्ष, सदस्य, दफा ११ बमोजिम गठन गरेको उपसमिति वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकले यो आदेशबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार समितिको कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१५. **प्रतिवेदन पेश गर्नुपर्ने** : (१) समितिले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वार्षिक प्रतिवेदन तयारी गरी मन्त्रालयसमक्ष पेश गर्नुपर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराका अतिरिक्त समितिले वर्षभरीमा गरेका मुख्य कार्यहरू तथा प्राप्त उपलब्धिहरूसमेत समावेश गर्नुपर्नेछ ।

१६. **नेपाल सरकारसँग सम्पर्क** : समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालयमार्फत् राख्नु पर्नेछ ।

१७. **समितिको कार्यालय** : (१) समितिको केन्द्रीय कार्यालय काठमाडौंमा रहनेछ ।

(२) विशेष आर्थिक क्षेत्र स्थापना भएका वा स्थापनाका लागि पूर्वाधार निर्माण भइरहेका स्थानमा समितिले मन्त्रालयको स्वीकृति लिई आवश्यकताअनुसार सम्पर्क कार्यालय तथा शाखा कार्यालय खोल्न सक्नेछ ।

१८. **नियम बनाउने सक्ने** : (१) समितिले आफ्नो काम कारबाही सञ्चालन गर्न आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको नियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ ।

## सूचना २

नेपाल सरकारले औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी औद्योगिक प्रवर्द्धन बोर्डको सिफारिसमा सोही ऐनको दफा ३ को खण्ड (च) को सेवा उद्योगको वर्गीकरण “पाँच कि.वा. भन्दा बढीको विद्युतीय मेशिन प्रयोग गरी साइनबोर्ड व्यापार तथा होर्डिङ्ग बोर्ड बनाउने, कम्प्यूटरको प्रयोग गरी तथ्यांक (डाटा) संकलन, प्रशोधन डिजाइनिङ्ग कार्य, Business Process Outsourcing (BPO), Call Center, रेडिमिक्स कङ्क्रिट (Ready-mix Concrete) सेवा, ICT Value Added Services (Mobile Banking, Mobile News/Events/Information Providing, Wireless System. e-collection, SMS Service र Transcription Service” लाई समावेश गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**

**चेतनाथ भट्टराई**

**नेपाल सरकारको नि. सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६६२